शान्ति र समृद्धिको संवाहक...

# गौतमबुद्ध सन्देश

wwwgautambuddhasandeshcom

राष्ट्रिय दैनिक

गौतमबुद्ध सन्देश
दैनिक
खोजी खोजी पढौं
ताजा समाचारका लागि
www
gautambuddhasandeshcom
लगइन गर्नुहोस्

वर्ष ८ | अङ्क : ६८ | २०७९ जेठ १० गते मंगलबार | 24 May 2022, Tuesday | पृष्ठ सङ्ख्या : ४ | मूल्य रु.: ५/-

# रुपन्देहीका ६ पालिकाका जनप्रतिनिधिले लिए सपथ

**गौतमबुद्ध सन्देश**

भैरहवा, ९ जेठ।

रुपन्देहीका नवनिर्वाचित जनप्रतिनिधिहरूले सपथ लिएका छन् । पछिल्लोपटक मतपरिणाम आएका ६ पालिकाका प्रमुख तथा अध्यक्षले सपथ लिएका हुन्। बुटवल उपमहानगरपालिका, सैनामैना नगरपालिका, लुम्बिनी साँस्कृतिक नगरपालिका, मर्चवारी गाउँपालिका, सम्मरीमाई गाउँपालिका र गैडहवा गाउँपालिकामा नवनिर्वाचित प्रमुख/अध्यक्षहरुले पद तथा गोपनियताको सपथ लिएका हुन्।

भैरहवाको बालमन्दिरमा सोमबार आयोजित एक कार्यक्रमकाबीच मुख्य निर्वाचन अधिकृत धनसिंह महराले नवनिर्वाचित जनप्रतिनिधिहरुलाई सपथग्रहण गराए।



सोमबार सपथ लिनेहरुमा बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेय, सैनामैना नगर प्रमुख फणिन्द्र शर्मा, लुम्बिनी साँस्कृतिक नगरपालिका प्रमुख सजरुद्दीन खान, मर्चवारी गाउँपालिकाका अध्यक्ष गया प्रसाद बरई, सम्मरीमाई गाउँपालिकाका अध्यक्ष विनोद कुमार श्रीवास्तव र गैडहवा गाउँपालिका अध्यक्ष सुरेन्द्र पौड्यालले सपथ लिएका हुन्।

उनीहरुले आ-आफ्नो पालिकामा अन्य जनप्रतिनिधिलाइ सपथ गराउने कार्यक्रम समेत रहेको छ।

कार्यक्रममा बोल्दै मुख्य निर्वाचन अधिकृत धनसिंह महराले सबैको सदभाव र सहयोगले निर्वाचनका दौरान रुपन्देहीमा कुनै अप्रिय घटना नभएको बताए। उनले निर्वाचनमा देखाएको उर्जा काममा पनि लगाउन आग्रह गरे।

सो अवसरमा रुपन्देहीका प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीले जनतालाई केन्द्रमा राखेर कानूनमा रही काम गर्न जनप्रतिनिधिहरुलाई आग्रह गरे। उनले जनताले अनुभुति गर्ने गरी भूमिका निर्वाह गर्न आग्रह गर्नुभयो । उनले राजनीतिक दल, सुरक्षाकर्मी, पत्रकार लगायतको सहयोगले निर्वाचन सफलतापूर्वक सम्पन्न भएको बताए।

## जनप्रतिनिधि र कर्मचारीबीच राम्रो सम्बन्ध हुनुपर्छ : नगरप्रमुख खान



**गौतमबुद्ध सन्देश**

भैरहवा, ९ जेठ।

रुपन्देहीको सिद्धार्थनगर नगरपालिकाका प्रमुख इश्तियाक अहमद खानले जनप्रतिनिधि र कर्मचारीबीच सम्बन्ध राम्रो हुनुपर्ने बताए । उनले कर्मचारीहरुले जनताको ख्याल राख्नुपर्ने बताए।

सोमबार पदभार ग्रहण गर्दै नगरप्रमुख खानले जिम्मेवारी सम्हालिसकेपछि नगरवासीको सुखदुःखमा साथ दिने आफ्नो कर्तव्य भएको बताए । उनले भने, 'कर्मचारी जनप्रतिनिधि मिलेर काम गरौं, कर्मचारीको विशेष ख्याल राख्छु, तपाईहरुले जनताको ख्याल राख्नुपर्छ।'

'जनप्रतिनिधि पाँच वर्षका लागि नगरपालिकाको जिम्मेवारीमा आए पनि कर्मचारी यही काम गर्ने भएकाले जनप्रतिनिधि र कर्मचारीबीच सम्बन्ध राम्रो हुनुपर्छ, नगरप्रमुख खानले भने ।' उनले नगरपालिकामा दुःखको आँसु लिएर आउने नागरिकलाई खुसीको आंसु दिएर पठाउने आफ्नो लक्ष्य भएको बताए। उनले नगरवासीको आशा र विश्वासका साथ कुर्सीमा आसिन भएकाले यहाँ समय बर्बाद गर्न नआएको बताए । नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र)को गठबन्धनका उम्मेदवार खान सिद्धार्थनगर नगरपालिकाको प्रमुखमा निर्वाचित भएपछि सोमबार पदभार ग्रहण गरेका हुन्।

## जनताको पक्षमा काम गर्छु : सिद्धार्थनगर उपप्रमुख अधिकारी



**गौतमबुद्ध सन्देश**

भैरहवा, ९ जेठ।

रुपन्देहीको सिद्धार्थनगर नगरपालिकाकी उपप्रमुख उमा अधिकारीले जनताको प्रतिनिधि भएर आएकाले जनताको पक्षमा काम गर्ने उनले बताइन्।

उनले जनताको अमूल्य मत प्राप्त गरी निर्वाचित भएकाले हातेमालो गरेर अगाडी बढ्ने बताइन् । सोमबार पदभार ग्रहण गर्दै उपप्रमुख अधिकारीले यसअघिको कार्यकालमा जनप्रतिनिधिबाट राम्रो काम भएकाले ती राम्रा कामलाई अहिलेको जनप्रतिनिधिले पनि निरन्तरता दिने बताइन्।

उनले पछिल्लो समय महिला तथा बालहिंसा बढेकाले त्यसको न्यूनीकरणका लागि नगरपालिकाबाट आफूले पहल थाल्ने बताइन् । उनले भनिन्, 'छोरी चेली सुरक्षित नभए समाज सुरक्षित हुन सक्दैन, छोरी चेलीलाई बलियो बनाउनुपर्छ ।' जनताको प्रतिनिधि भएर आएकाले जनताको पक्षमा काम गर्ने उनले बताइन्।

काम गर्ने क्रममा कमीकमजोरी हुन सक्ने भएकाले नगरवासीलाई ती कमीकमजोरी औल्याउन पूर्ण अधिकार रहेको उनको भनाइ थियो।

## बुटवलका मेयर खेलराजद्वारा पदभार ग्रहण

### सुकुम्बासीलाई बसोबासको आधारमा अस्थायी निस्सा बांड्ने निर्णय सदर

**गौतमबुद्ध सन्देश**

रुपन्देही, ८ जेठ।

रुपन्देहीको बुटवल उपमहानगरपालिकाका नवनिर्वाचित प्रमुख खेलराज पाण्डेयले पदभार ग्रहरण गरेका छन्। पाण्डेयले बुटवलमा मुख्य समस्याका रुपमा रहेको सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई बसोबासको आधारमा अस्थायी प्रमाणपत्र बांड्ने टिप्पणी सदर गरेर कार्यभार सुरु गरेका हुन्। 'अल्पकालीन रुपमा सुकुम्बासीको तथ्यांक संकलन गरेर बसोबासका आधारमा थोरै शुल्क लिएर प्रमाणपत्र दिई वार्डबाटै नामसारीको काम शुरु गर्नेछौं'-पदभार ग्रहणपछि पाण्डेयले भने-'दीर्घकालीनरुपमा जग्गाधनी प्रमाणपत्र वितरणको लागि राष्ट्रिय भूमि आयोगसंग सहकार्य गर्नेछौं ।' बुटवलमा करिब २० हजार सुकुम्बासी रहेको उपमहानगरको तथ्यांक छ। पाण्डेयले चौराहा-गोलपार्क सडक, तिनाउ दानव कोरिडोर,मोतिपुर औद्योगिक क्षेत्र र ज्योतिनगर पहिरो प्रभावित नागरिकका समस्या समाधान, गृहिणी र विद्यार्थी रोजगार कार्यक्रम, नयां अटो भिलेज र कृषि थोक बजार केन्द्र निर्माणलाई प्राथमिकतामा रोखर काम गर्ने बताए।



पाण्डेयले जनताले आफूलाई दिएको विश्वास पांच वर्षसम्म कायम राख्ने प्रतिवद्धता जनाए। २०७४ को निर्वाचनमा एमालेका शिवराज सुवेदीसँग पराजित भएका पाण्डेय यसपटक एमालेका बाबुराम भट्टराईलाई सात हजार ५३३ मतान्तरले पराजित गरेर निर्वाचित भएका हुन् । नेपाली कांग्रेसका बुटवल नगर सभापति समेत रहेका पाण्डेयलाई सत्तारुढ दलहरु नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाको समर्थन थियो।

पाण्डेयको यो जितसंगै बुटवलको नेतृत्वमा २५ वर्षपछि कांग्रेसले पुनरागमन गरेको हो। उपप्रमुख भने नेकपा एमालेकी सावित्रादेवी अर्याल निर्वाचित भएकी छन् । १९ वडा रहेको बुटवलमा कांग्रेसले ११, एमालेले ५ तथा माओवादी केन्द्र,एकीकृत समाजवादी र स्वतन्त्रले एक-एक वडा जितेका छन्।

## सम्पादकीय

# श्रम स्वीकृति छिटो होस्

भैरहवाको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल जेठ २ देखि सञ्चालनमा आएको छ । यहाँको विमानस्थलबाट कुवेतको जजिरा एअरलाईन्सले सातामा तीन उडान सुरु गरिसकेको छ । देशको एक मात्र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको विकल्पको रुपमा हेरिएको गौतमबुद्ध विमानस्थललाई प्राथमिकता दिएर सरकारले यहाँबाट उडान गर्ने जहाजहरुको पार्किङ्ग शुल्क छुट लगायतका सुविधा दिने घोषणा गरिसकेको छ । छुटको घोषणासँगै अन्य एअरलाईन्सहरुले पनि यहाँबाट अन्तर्राष्ट्रिय उडान गर्नेछन् । भैरहवाबाटै गन्तव्यमा पुग्न सकिने भएपछि यस क्षेत्र सीमावर्ती भारतका महाराजगंज, सिद्धार्थनगर जिल्लाका साथै नारायणी पश्चिमका मानिसलाई अन्तर्राष्ट्रिय गन्तव्यमा आवतजावतका लागि यो विमानस्थल सहज देखिन्छ । यस क्षेत्रबाट वैदेशिक रोजगारीमा जाने मानिसको संख्या पनि ठूलो छ । वैदेशिक रोजगारीमा जाने लुम्बिनी प्रदेश, गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदूर पश्चिम प्रदेशका साथै सीमावर्ती भारतीय नागरिकका लागि वैदेशिक रोजगारीमा जान विमानस्थलले सहयोग पुग्छ । तर, त्यसका लागि साधनश्रोत र अन्य प्रक्रियाहरु यहीबाट पुरा हुन सक्नुपर्छ ।

भैरहवाबाट अन्तर्राष्ट्रिय उडान सुरु भए पनि श्रम स्वीकृति भने यहाँबाट सुरु भएको छैन । वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिन काठमाण्डौं जानुपर्ने भएपछि हवाई सेवाको लागि भैरहवा आउन कठिन हुन्छ । काठमाण्डौं गइसकेपछि उतैबाट हवाई टिकट काट्नुपर्छ । भैरहवामै श्रम स्वीकृति लगायत अन्य आवश्यक प्रक्रिया पुरा गर्न सके मात्र यहाँबाट वैदेशिक रोजगारीमा जाने नेपाली कामदारले यहीँकै विमानस्थल प्रयोग गर्न सहयोग पुग्छ । जजिरा एयरलाईन्सले श्रम स्वीकृतिको व्यवस्था नभए भैरहवाबाट उडान सेवा सञ्चालन गर्न नसकिने बताइसकेको छ । हुन त श्रम मन्त्री कृष्णबहादुर श्रेष्ठले भैरहवामा श्रम स्वीकृतिको ब्यवस्था मिलाउने जानकारी दिएका छन् । स्थानीय व्यवसायीहरु समेतको मागका आधारमा उनले आवश्यक प्रक्रिया सुरु गरी छिट्टै श्रम स्वीकृतिको व्यवस्था गर्ने आश्वासन दिएका हुन् । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई सञ्चालन गर्न अन्तर्राष्ट्रिय विमान कम्पनीहरुलाई आकर्षित गर्नुपर्छ । त्यसका लागि सरकारले पूर्वाधार लगायत आवश्यक काम गर्नुपर्ने हुन्छ । यात्रु पाइएन भने विमान उडाएर मात्र के गर्ने ? घाटाको व्यापार गर्ने कुरा हुँदैन । तसर्थ तत्कालै श्रम स्वीकृतिको ब्यवस्था होस् । त्यसबाहेक विमानस्थल सञ्चालनका लागि अन्य आवश्यक सहयोग पनि होस् । सरकार, निजी क्षेत्र र आम नागरिकले गौतमबुद्ध विमानस्थललाई निर्वाध सञ्चालनको वातावरण मिलाउन सहयोग गरुन् ।

# मतदाताको सन्देश



गोविन्द अधिकारी

निर्वाचन परिणाम लगभग घोषणा भइसकेको छ । जति बाँकी छ तिनको पनि झुकाव स्पष्ट भइसकेको देखिन्छ । एकाधमा तलमाथि पर्नसक्ला तर अब खासै फरक पर्दैन । पालिका प्रमुखहरूमा जितेका आधारमा दलहरूको नेपाली कांग्रेस पहिलो, नेकपा (एमाले) दोस्रो र नेकपा (माओवादी केन्द्र) तेस्रो भएका छन् । यसपछि सत्ता गठबन्धनका अरू दल रहेका छन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि आफ्नो साख जोगाएको छ ।

यी सबैभन्दा मधेसमा सीके राउत नेतृत्वको जनमत पार्टी र सुदूर पश्चिममा रेशम चौधरीकी पत्नीको नेतृत्वको नागरि उन्मुक्ति पार्टीको विजय यस निर्वाचनको उल्लेखनीय पक्ष हो । र, सबैभन्दा चकित पार्ने प्रवृत्ति भने काठमाडौं र धरानमा देखियो । धनगढीको परिणाम अस्वाभाविक होइन । भरतपुरमा जगन्नाथ पौडेलको अडान चुनावको इतिहासमै एउटा उदाहरण बन्यो ।

रैतीबाट नागरिक !

दलका नेताले मतदातालाई रैती ठानेर आफूखुसी गठबन्धन गरे । उमेदवार तोके । मतदाताले तिनको अहंकार तोडे । वास्तवमा यसपटकको निर्वाचन मतदाता र नेताहरूका बीचमा भयो । नेता हारे । मतदाता जिते ।

दलका 'परम्परागत मतदाता' भन्ने भ्रम पनि टुटेको छ ।

यसै पनि स्थानीय तहको निर्वाचनमा उमेदवारको व्यक्तित्व बढी निर्णायक हुनेगर्थ्यो । नेताहरूले ती मतदातालाई आफ्ना अनुचर कार्यकर्ताजस्तै ठान्छन् । मतदाताले भने नेताहरू यो मानसिकता मन पराएनन् । कतिले त नेताहरूको हैकमकै विरोधमा मत हाले । पार्टीका नेताले नपत्याएकालाई जनताले पत्याएका पनि बग्रेल्ती उदाहरण छन् । प्रदेश र प्रतिनिधि सभाको निर्वाचनमा पनि यसरी नै खल्तीबाट उमेदवारी दिए हुने परिणामको अहिले नै भविष्यवाणी गर्न सकिने देखिन्छ । अर्थात्, नेपाली मतदाता रैती रहेनन् नागरिक भए । लोकतन्त्रको जित हो यो ।

**जनताले दिएको सजाय**

एमालेले अघिल्लोपटक धेरै पालिकामा प्रमुख जितेको थियो । अहिले कांग्रेसले धेरै पालिका प्रमुख जितेको छ । अगिल्लो कार्यकालमा राम्रो काम गर्न नसके पनि नेताका कृपाले दोहोरिएका धेरै उमेदवार हारेका छन् । गठबन्धनभन्दा पनि सायद यस प्रकारको नतिजाको निर्णायक कारण सत्ताविरोधी (एन्टीइन्क्युबमेन्सी) प्रवृत्ति हो ।

अधिकाश शिक्षित युवा र नयाँ व्यक्ति मतदाताको प्राथमिकतामा परेको देखियो । अगिल्लोपटक जितेकाहरू धेरै हारेका छन् । यसै कारणले एमालेको बढी घटेको र कांग्रेसको बढेको हुनसक्छ ।

एमाले चोइटिएको लाभ पनि कांग्रेस र माओवादीलाई भयो । जे भए पनि मतदाताको निर्णय हो ।

अर्थात्, यसलाई घात, अन्तरघात वा प्रतिघात आदि इत्यादि भनिरहनुको कुनै तुक देखिँदैन । यो जनताले दिएको सन्देश र सजाय हो ।

**हैकम अस्वीकार !**

उमेदवारीमा केन्द्रको हस्तक्षेपलाई मतदातालेमात्रहोइनकार्यकर्तासमेतरुचाएनन् । काठमाडौं, भरतपुर, पोखरा, धनगढी जताततै सबै दलका विशेषगरी कांग्रेस र एमालेका कार्यकर्ताले प्रत्यक्ष परोक्ष सन्देश दिए - हैकम मन्जुर छैन ।

जनकपुरमा नेपाली कांग्रेसले प्रमुख पद जनता समाजवादी पार्टीलाई छाड्यो । तर, त्यहाँका कांग्रेसजनले छाडेनन् । नगरसभापति स्वयंले स्वतन्त्र उमेदवारी दिए । अहिलेसम्मको मतपरिणाम हेर्दा मतदाताले उनको विद्रोह रुचाएकै देखिएको छ । बर्दीवासमा कांग्रेसका नेताले उमेदवारी दिने र खोस्ने 'गाईजात्रा' देखाए । जनताले विद्रोही उमेदवारलाई जिताएर नेतालाई देखाइदिए । अरू पनि थुप्रै ठाउँमा कांग्रेस वा एमालेका नेताले नरुचाएका नपत्याएका कार्यकर्तालाई जनताले जिताए ।

अर्थात्, अब नेताहरूको हैकम चल्दैन । जुन पार्टीको नेता सुध्रिँदैनन् तिनलाई जनताले छाड्नेछन् ।

**छोइछिटो सकियो त ?**

नेपालको राजनीतिमा वर्ग र समुदायका नाममा गर्ने गरिएको राजनीतिको पनि मुकुन्डो फुस्क्यो । यसपटक लगभग सबै दलले सबै दलसँग गठबन्धन गरेका छन् । एमालेका अध्यक्ष खड्गप्रसाद ओलीले गठबन्धनलाई जति कटाक्ष गरे पनि उनको पार्टीले यसपटकको निर्वाचनमा सबैसँग तालमेल गरेको देखियो । सत्ता गठबन्धनले पनि भित्र र बाहिर जता जोसँग मिल्दा चुनाव जितिएला जस्तो लाग्यो उतै मिल्ने प्रवृत्ति देखायो ।

एक दृष्टिले यो चुनावको सकारात्मक पक्ष नै भयो । कम्तीमा राजनीतिक छोइछिटो त सकियो नि ! झन्डै एक वर्ष माधव नेपालको पार्टी नेकपा (एकीकृत समाजवादी)को अस्तित्व स्वीकार नगरेर संसद् चल्न नदिने एमालेले समेत एकीकृत समाजवादीसँग तालमेल गरेको देखियो ।

अर्थात्, अब कुनै पार्टीले कुनै वर्ग वा समुदायको हितैषी दाबी गर्ने ठाउँ पनि रहेन भने कोही चोखो र शुद्ध पनि रहेन । यद्यपि, केही दिनमै नयाँ भाष्य बनाएर मदारीहरूले फेरि अर्कै चटक देखाए पनि आश्चर्य नमाने हुन्छ ।

नजिकभित्र नरुचाएका नेता

कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी ओलीलगायत नेताहरूले मतदान गरेकै वडामा तिनका उमेदवारले चुनाव हारे । हुनत यो ससामान्य कुरा हो तर नजिकका मानिसले तिनलाई कसरी हेर्दा रहेछन् भन्ने झलक पनि त हो ।

राज्यको स्रोत दोहन गर्दा आफूलाई ठूलो र अर्कै तहको मान्छे ठान्ने नेताहरूको मानसिकतामात्र होइन जीवन शैलीले पनि तिनलाई ईर्ष्या र घृणाको पात्र बनाएको छ । तिनको ठूल्याइँ र अहङ्कार तिनैका चाटुकार र पोष्यपुत्रहरूबाहेक अरूलाई मन्जुर नभएको नागरिकले देखाएका हुन् । अर्थात्, मौका पाउँदा जनताले कसैको पनि अहङ्कारलाई प्रहार गर्न हिचकिचाउँदा रहेनछन् ।

**बागीहरूको सम्मान**

नेताले नरुचाए पनि जनताको समर्थन पाएका 'बागी स्वतन्त्र'हरू छिटै नै पुरानै दलमा फर्कन पनि सक्छन् । त्यसो त अरू स्वतन्त्र भनिएकाहरू पनि दलप्रति आकर्षित हुन सक्छन् । नगर/गाउँ सभामा दल विशेषको बहुमत भए नवजिकने बाध्यता पनि हुनसक्छ । उनीहरू कुनै पार्टीमा प्रवेश गरे पनि पद नजाने सुविधामा जो छन् । तर, तिनलाई स्वागत गर्ने उदारता दलका नेतामा पनि आवश्यक हुन्छ ।

स्वतन्त्रमा पनि मनोज साह वा प्रल्हाद कार्कीहरू र बालेन शाह, हर्क साम्पाङहरूबीचमा भने फरक हुन्छ । आफूले गरेको अन्यायविरुद्ध उमेदवारी दिनेहरूलाई पार्टीमा फर्काउन झुक्ने हिम्मत नेताहरूले नगरे उनीहरूसँगै मतदाता पनि टाढिँदै जान्छन् ।

तर, कांग्रेसका नेतामा त्यस अर्थमा एमालेका नेतामा पनि अहङ्कार अलि बढी नै छ । यसले धेरैवटा दमौली बनाउने निश्चितै छ ।

बालेन वा हर्कहरूले भने जुन पार्टी रोजे पनि मतदातालाई धोका नै हुन्छ । यसैले यिनको कार्म गराइ र इमानदारीले नेपाली लोकतन्त्रको दशा र दिशा निर्देश गर्नेछ । यिनीहरू सफल भए दलका नेताको हैकम कमजोर हुनेछ भने विफल भए वा कतै टाँसिए भने नेपाली लोकतन्त्र ठालुतन्त्रमै फर्कनेछ ।

र अन्त्यमा

**सुनेको एउटा हल्ला !**

प्रतिनिधि सभाको निर्वाचनका बेला २०७४ मा एक जना उमेदवारसँग पार्टीका गाउँस्तरका कार्यकर्ताले ठूलै रकम मागेछन् । उमेदवारले दिन बाध्य भएछन् । तर, चुनाव हारे ।

स्थानीय तहको चुनावमा तिनै कार्यकर्ताले पार्टीका उनै नेतासँग टिकट मागेछन् । नेताको पालो पहिलो दिएको पैसाको डबल असुलेर उमेदवारी दिए रे । ब्ल्याकमा उमेदवारी किन्ने कार्यकर्ताले पनि चुनाव हारे । अनि दुवै जना तैँ चुप मै चुप छन् रे !


(बाह्रखरी)

# दुईभन्दा बढी सन्तान भएका अभिभावकलाई बुढ्यौलीले छिटो छुन्छ !

## हेल्थ टिप्स

'दुई सन्तान ईश्वरका वरदान' भन्ने यो कथन नेपालमा मात्रै नभई संसारभरका अभिभावकले ग्रहण गरिरहेका छन् । तर व्यवहारमा भने अझै पूर्ण रुपमा लागु हुन सकेको छैन । पहिलेको तुलनामा अहिलेका अभिभावकले परिवारको आकार घटाइरहेका छन् । परिवारको आकार घटाउँदा आर्थिक, शारीरिक तथा मानसिक स्वास्थ्यलाई समेत फाइदा पुग्छ । सानो परिवारको तुलनामा ठूलो परिवारमा बढी समस्या हुन्छन् । ठूलो परिवारका लागि गाँस, बास, कपासका साथै शिक्षा, स्वास्थ्यजस्ता अन्य भौतिक आवश्यकताको परिपूर्ति गर्न गाह्रो पर्छ ।

यति मात्रै नभई सानो परिवारको अभिभावकको तुलनामा ठूलो परिवारका अभिभावक बढी बुढो देखिन्छन् । अर्थात् उनीहरुलाई बुढ्यौलीले छिटो छुन्छ । कोलम्बोको विश्वविद्यालयले गरेको अनुसन्धानमा तीन वा तीनभन्दा बढी सन्तान भएका अभिभावक वास्तविक उमेरभन्दा ६ दशमलव २ वर्ष बढी बुढो देखिने खुलेको छ ।



अभिभावक वास्तविक उमेरभन्दा बढी बुढो हुनुमा मुख्यतया बालबालिकाको पालनपोषणको चिन्ता र आर्थिक भार रहेका छन् ।

६५ वर्षमाथिका व्यक्तिमा गरिएको थियो अनुसन्धान

यो अनुसन्धानका लागि वैज्ञानिकले युरोपको हेल्थ, एन्जिङ र रिटायरमेन्ट सर्भे (शेयर)को तथ्यांकको विश्लेषण गरेको थियो । यसमा ६५ वर्षमाथिका हजारौं व्यक्तिको तथ्यांक उपलब्ध छ । अनुसन्धानमा सहभागी गराइएकाहरु कम्तीमा दुई बालबालिकाका अभिभावक र युरोपका २० देश वा इजरायलका बासिन्दा रहेका छन् ।

बढी बालबालिका हुँदा अभिभावकमा भार पर्ने र जिम्मेवारी बढ्ने अनुसन्धानले बताएको छ । तनाव र आर्थिक भारका कारण अभिभावककाएन्जिङ प्रोसेस तीव्र हुन गई उनीहरु वास्तविक उमेरभन्दा अगावै बुढो हुने अनुसन्धानले पुष्टि गरेको छ ।

**सम्झना र निर्णय लिने क्षमतामा असर**

फ्रान्सको पेरिस डौफिन विश्वविद्यालयका प्रोफेसर डा. एरिक बोनसाङले तीन वा तीनभन्दा बढी सन्तान भएका अभिभावकमा 'कग्निटिभ' क्रियाकलापमा नकारात्मक असर पर्ने बताएका छन् ।

यो क्रियाकलापमा अभिभावकको सम्झन सक्ने, एकत्रित हुने क्षमता, बुद्धि र निर्णय लिन सक्ने क्षमता पर्छन् । यी असर महिला पुरुष दुवैमा समान हुन्छन् ।

**बढी बालबालिकाका कारण प्रभावित हुन्छ लिभिङ स्टयान्डर्ड**

बढी सन्तान भएमा अभिभावकमाथि आर्थिक भार पर्ने अनुसन्धानले देखाएको छ । यसका कारण बचत हुँदैन ।

यो समस्याले उनीहरुलाई गरिबीतिर धकेल्न सक्छ । परिवारमा समस्या र तनाव थपिँदै जाँदा अभिभावकको कग्निटिभ क्रियाकलापमा असर पर्छ । अभिभावक सन्तानको चिन्ता र घरायसी काममा बढी व्यस्त हुँदा उनीहरु वास्तविक उमेरभन्दा अगावै बुढो देखिने वैज्ञानिकले खोज गरेका छन् ।

**बुढेसकालको खर्च बढ्छ**

बुढेसकालमा सामाजिक क्रियाकलापमा सहभागी हुन र स्वतन्त्रतालाई बचाइराख्न कग्निटिभ स्वास्थ्यको हेरचाह गर्नु अति आवश्यक रहेको अनुसन्धानमा उल्लेख गरिएको छ ।

दुईभन्दा बढी सन्तानका कारण शारीरिक स्वास्थ्यका साथै मानसिक स्वास्थ्यमा समेत असर पर्छ । यस्तो हुँदा खर्च बढ्छ । बुढ्यौलीले छोइसकेका अभिभावकको काम गर्ने क्षमता बढाउन र स्वास्थ्यमा कम खर्च गर्न तथा स्वस्थ राख्न कग्निटिभ स्वास्थ्यमा ध्यान दिनुपर्छ ।

अहिले वैज्ञानिकहरु एक सन्तान हुनु र नहुनुले अभिभावकमा पार्ने असरका बारेमा अध्ययन गरिरहेका छन् ।

# कमजोर आकलन गरेका रुपन्देहीका पालिकामा एमाले विजयी

**गौतमबुद्ध सन्देश**

भैरहवा, ९ जेठ।

स्थानीय तहको निर्वाचनअघि नेपाली कांग्रेस रुपन्देहीका सभापति रामकृष्ण खाँणले सञ्चारकर्मीसँग प्रतिक्रिया दिदै भनेका थिए, 'एमाले कमजोर भएको पालिकामा गठबन्धन आवश्यक छैन, जहाँ एमाले प्रतिष्पर्धामा छैन, त्यहाँ गठबन्धनकै दलबीच मित्रवत् रुपमा प्रतिष्पर्धा हुन्छ। ' सोही अनुसार सतारुढ गठबन्धनमा आबद्ध दलहरु रुपन्देहीको मायादेवी, कोटहीमाई, मर्चवारी, सम्मरीमाई, गैडहवा गाउँपालिका र लुम्बिनी साँस्कृतिक नगरपालिकामा एक्लाएक्लै प्रतिष्पर्धामा उत्रिए। केही पालिकामा वडामा समेत गठबन्धन भएको अवस्थामा ६ वटा पालिकामा भने गठबन्धन भएन।

तर मतदाताले मर्चवार क्षेत्रमा पर्ने कोटहीमाई, मर्चवारी र सम्मरीमाईबाहेक अन्य पालिकामा भने एमालेलाई जिताएका छन्। गैडहवा गाउँपालिकामा एमालेले अध्यक्ष, उपाध्यक्षसहित तीन वटा वडाअध्यक्ष जितेको छ। एमालेका उम्मेदवार सुरेन्द्र पौड्याल अध्यक्षमा र माधुरी जैसवाल उपाध्यक्षमा विजयी भएका छन्। गैडहवा गाउँपालिकाको अध्यक्षमा निर्वाचित पौड्याललले ५ हजार ६ सय ३१ मत प्राप्त गरेका छन्। उनका निकटतम् प्रतिष्पर्धी नेपाली कांग्रेसका बसि उल्लाह मुसलमानले ४ हजार ३ सय ८८ मत प्राप्त गरे। त्यस्तै जैसवाल ४ हजार ७ सय ५६ मत प्राप्त गरी उपाध्यक्षमा निर्वाचित भइन्। उनको निकटतम् प्रतिष्पर्धी कांग्रेसकी मन्जु न्यौपानेले ४ हजार ६ सय ५९ मत प्राप्त गरिन्।

त्यस्तै वडा नम्बर १ मा चौधरी, ८ र ९ मा पनि एमाले विजयी भएको छ। वडा नम्बर १ मा प्रदिप कुमार चौधरी, ८ मा भुवन बहादुर राना मगर र ९ मा मिना क्षेत्री निर्वाचित भएका छन्। गैडहवा गाउँपालिकामा ९ वटा वडा छन्।

त्यस्तै मायादेवी गाउँपालिकामा पनि एमालेले तीनवटा वडा जित्न सफल भएको छ। एमालेले वडा नम्बर १, ४ र ८ मा जितेको हो। वडा नम्बर १ मा पल्टु लोध, ४ मा अरुण कुमार तिवारी र ८ मा चोक बहादुर मगर निर्वाचित भएका छन्। मायादेवी गाउँपालिकामा ८ वटा वडा छन्।


२०७४ सालमा सम्पन्न स्थानीय तहको निर्वाचनमा एउटा वडा सदस्य समेत जित्न नसकेको लुम्बिनी साँस्कृतिक नगरपालिकामा एमालेले यसपटक उपप्रमुखसहित पाँच वटा वडा जित्न सफल भएको छ। एमालेबाट उपप्रमुखका उम्मेदवार कल्पना हरिजन विजयी भएकी छन्। हरिजन ६ हजार ५ सय ९० मत प्राप्त गरी विजयी भएकी छन्। उनको निकटतम् प्रतिष्पर्धी जनता समाजवादी पार्टी, नेपाल (जसपा) की सबनम जहाँ शेषले ६ हजार १ सय ४५ मत प्राप्त गरिन्।

त्यस्तै लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नम्बर १ मा एमालेका उम्मेदवार सुरज जयसवाल, ३ मा अकरामुद्दीन नाउँ मुसलमान, ४ मा विनोद कुमार श्रीवास्तव, १० मा विनोद कहाँर र वडा नम्बर १२ मा हरिकेश लोध वडाअध्यक्षमा निर्वाचित भएका छन्। लुम्बिनी साँस्कृतिक नगरपालिकामा १३ वटा वडा छन्।

एमाले रुपन्देहीका जिल्ला सदस्य तथा गैडहवा गाउँपालिका निर्वाचन परिचालन कमिटी सचिव सन्दिप गुप्ता विगतमा एमाले नेतृत्वको सरकारले गरेका लोकप्रिय कामहरुको मुल्यांकन मतदाताले गरेको बताउँछन्। उनले भने, '२०७४ सालमा सम्पन्न स्थानीय तह निर्वाचनमा गैडहवा गाउँपालिकामा एमालेले जित्न सकेन, सोहीअनुसार अपेक्षित रुपमा विकास निर्माणका कार्य हुन सकेन, एमालेकै नेतृत्वमा विकास हुन्छ भन्ने कुरा बुझेर अहिले मतदाताले पार्टीका उम्मेदवारलाई जिताउनुभएको छ।'

यसपटकको निर्वाचनमा एमालेले रुपन्देहीको बुटवल उपमहानगरपालिकामा उपप्रमुख, देवदह नगरपालिकामा प्रमुख, उपप्रमुख, सैनामैना, सिद्धार्थनगर लुम्बिनी साँस्कृतिक नगरपालिकामा उपप्रमुख, गैडहवा गाउँपालिकामा अध्यक्ष उपाध्यक्ष, ओमसतिया गाउँपालिकामा अध्यक्ष, शुद्धोधन गाउँपालिकामा उपाध्यक्ष पद जितेको छ।

# लुम्बिनीको प्रमुखमा कांग्रेस, उपप्रमुखमा एमाले विजयी





भैरहवा, ८ जेठ। (गौबुस)

रुपन्देहीको लुम्बिनी साँस्कृतिक नगरपालिकाको प्रमुखमा नेपाली कांग्रेस र उपप्रमुखमा नेकपा एमालेले जित निकालेको छ। निर्वाचन कार्यालयका अनुसार कांग्रेसका उम्मेदवार सजरुद्दिन मुसलमान प्रमुखमा निर्वाचित भएका छन्। उपप्रमुखमा एमालेकी कल्पना हरिजन निर्वाचित भएकी छन्।

आइतबार सकिएको मतगणनामा मुसलमानले जनमत पार्टीका उम्मेदवार चन्द्रकेश गुप्तालाई हराउँदै प्रमुखमा निर्वाचित भएका हुन्। कांग्रेसका मुलसमानले ९ हजार ५७२ मत प्राप्त गर्दा गुप्ताले ६ हजार २ मत प्राप्त गरेका छन्।

नगरपालिकाको उपप्रमुखमा नेकपा एमालेकी हरिजनले ६ हजार ५९० मत प्राप्त गर्दा निकटतम प्रतिष्पर्धी जनता समाजवादी पार्टीकी सवनम जहाँ शेषले ६ हजार १ सय ४५ मत प्राप्त गरेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। २०७४ को चुनावमा यहाँ स्वतन्त्र उम्मेदवार मनमोहन चौधरी नगरप्रमुखमा निर्वाचित भएका थिए।

# पाल्पाको रम्भा गाउँपालिकामा एमाले विजयी

**गौतमबुद्ध सन्देश**

पाल्पा, ९ जेठ।





पाल्पाको रम्भा गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष दुवै पदमा नेकपा एमालेका उम्मेदवार विजयी भएका छन्। अध्यक्षमा विष्णु प्रसाद भण्डारी र उपाध्यक्षमा राधा कुमारी श्रेष्ठ विजयी भएका हुन्। निर्वाचन अधिकृतको कार्यालयका अनुसार अध्यक्षमा विजयी भण्डारीले ५ हजार ५ सय ८६ मत पाएका छन्। अर्का प्रत्यासी नेकपा (एकीकृत समाजवादी) का दुर्गा प्रसाद अधिकारीले ४ हजार ५ हजार ४२ मत पाए।

त्यसैगरी उपाध्यक्ष पदमा विजयी राधा कुमारी श्रेष्ठले ५ हजार ७ सय १९ मत पाउँदा अर्का प्रत्यासी नेपाली कांग्रेसका विष्णु कुमार थापाले ५ हजार ५८ मत पाएका छन्। रम्भा गाउँपालिकामा २०७४ को स्थानीय निर्वाचनमा पनि अध्यक्ष भण्डारी र उपाध्यक्षमा श्रेष्ठ नै विजयी भएका थिए।

# तीन घरपरिवारको स्वास्थ्य बीमा गराएर मनाइन् लक्ष्मीले आफ्नो जन्मदिन

भैरहवा, ९ जेठ। (गौबुस)

सानैदेखि समाजसेवा तथा सामाजिक क्षेत्रमा रुची राख्ने भैरहवाको विद्यार्थी आन्दोलनको अग्रमोर्चामा देखिने नाम हो लक्ष्मी केसी। प्युठानको गौमुखी गाउँपालिका वडा नम्बर ४ स्थित पुजामा जन्मिएर ठुलाबेसी उच्च माध्यमिक विद्यालयबाट एसएलसी उर्त्तीण गरेपछि रुपन्देहीको भैरहवामा स्थाउी बसोबास गर्दै आएकी केसी विद्यार्थी राजनीतिमा विभिन्न कमिटीहरु पार गर्दै हाल अनेरास्ववियु केन्द्रिय कमिटी सचिवालय सदस्य तथा महिला विभाग उपप्रमुख छिन्। विद्यार्थी तथा पार्टीको अग्रमोर्चामा मात्र नभइ थुप्रै सामाजिक संस्थाहरुको जिम्मेवारी समेत सम्हाल्दै आएकी केसी हाल लायन्स क्लब अफ भैरहवा लुम्बिनीको अध्यक्ष हुन्।

आफूले आर्जन गरेको मुनाफालाई समाजमा रहेका आर्थिक अवस्था कमजोर भएका परिवारलाई सहयोग गर्नुपर्छ भन्ने उद्देश्यका साथ अरु बेला पनि विभिन्न तरिकाले सेवा गर्दै आएकी केसी आफ्नो जन्मदिन अझै विशेष बनाउन कहिले बिरामीलाई सहयोग गरेर, कहिले विद्यार्थीलाई सहयोग गरेर मनाउँदै आएको बताउँछिन्।

तर यसपटक भने उनलाई एउटा घटनाले छोयो ,त्यो घटना हो स्थानीय निर्वाचनपछिको। भर्खरै सम्पन्न भएको स्थानीय निर्वाचनमा सिद्धार्थनगर नगरपालिका वडा नम्बर १० को निर्वाचित टीम विजयी उत्सव मनाउने क्रममा दुर्घटनामा पर्यो।

खुसीयाली साट्न नपाउदै गाउँ दुःखमा परिणत भयो। धेरै मजदुरी गरी दैनिकी चलाउने परिवार अहिले अस्पतालको सैयामा छन्। उपचार खर्च बढ्दै गइरहेको छ। सरकारले स्वास्थ्य बीमा लागू गरे तापनि ती घाइतेमध्ये गाडी चालकबाहेक कसैको पनि स्वास्थ्य र जोखिम बीमा छैन। त्यसैले पनि निर्वाचित भएर खुसी साटासाट गर्नुको साटो आर्थिक भार र चिन्ता ले गाउँ थलिएको छ।

यो घटनाले सवारीसाधनको बीमा अनिवार्य भए जस्तै मानिसको पनि जीवन बीमा आफ्नो ल्याकतले सकेअनुसार र स्वास्थ्य बीमा अनिवार्य गर्नुपर्छ भन्ने सन्देश दिनका लागि अतिविपन्न परिवारलाई नगरपालिकाद्वारा निर्मित वडा नम्बर ८ मा नगर आवासमा बसोबास गर्ने तीनवटा घरपरिवारको स्वास्थ्य बीमा गरेको बताइन्। नवनिर्वाचित वडा सदस्य प्रकाश पाण्डे र बीमा अभिकर्ता भवानी अर्यालको उपस्थितिमा १३ जनाको बीमा भएको छ।

आफू लामो समयदेखि जीवन बीमाको क्षेत्रमा पनि काम गर्दै आएको अनुभवले पनि बीमालाई हेर्ने दृष्टिकोण र जोखिम बहनको लागि महत्वपुर्ण रहेको उनको भनाइ छ।

## भैरहवा बहुमुखी क्याम्पस

भैरहवा, रुपन्देही

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

मिति : २०७९/०२/०९

ई.सं. ११/०३/२०२२ मा PPMO मार्फत E-Bidding मा प्रकाशित बोलपत्र आह्वानको सूचनाअनुसार प्राप्त बोलपत्र मध्ये तपसिल बमोजिम न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनका लागि यो आशयको सूचना प्रकाशित गरिएको छ।

| क्र.स | बोलपत्र नं. | कार्यको विवरण | छनौट भएका बोलपत्रको दाताको नाम | कबोल रकम (vat बाहेक |
|---|---|---|---|---|
| १ | Tribhuvan University Rupandhi Works /NCB/01-078-079 | Class Rooms counstrucation works (BBA/BBM) | राजन निर्माण सेवा, रोहिणी १ रुपन्देही। | ९,९६,९५,६२६.१४ |

क्याम्पस प्रमुख

प्रो. अहमद पठान मो.नं. ९८५७०२२५७७, ९८१७५९७४०४

**आयात इन्जिनियरिङ्ग**

कार्यालय: सि.न.पा.-३, आँखा अस्पताल रोड खजहना

कारखाना: मेडिकल कलेज अगाडि, भैरहवा

हाम्रा सेवाहरू:

हामीकहाँ UPVC, अल्मूनियम, स्टीलका सबै किसिमका झ्याल ढोका पार्टेशन सुपथ मूल्यमा तयार गरिन्छ।

**सधै सुख-शान्तिलाई ७ आधार**

(१) जे जति नराम्रा छाड्नु छ र राम्रा पुरुषार्थ जो गर्नु छ, गरी हाल्नुपर्छ, किनकि शरीर भोलिसम्म नरहन पनि सक्छ (२) तास जुवा आदि नखेल्नु (३) चुरोट खैनी आदि नखानु (४) हिंसारुप मासु, माछा, अण्डा नखानु हत्या नगर्नु तागतका लागि दूध, दही, पनिर, घिउ आदि खानु (५) मादक पदार्थहरु नखानु, परस्त्री/परपुरुषसंग अवैध सम्बन्ध नराख्नु (६) गीताको सार-कर्म, भक्ति र ज्ञानपूर्वक परमात्माको अनुभव गरिरहनु (७) यथार्थमा बरफमा पानी मात्र भए जस्तै संसारमा परमात्मा मात्र सत्य हो परमात्मा हो- निरहंकार अद्वैतपूर्वक, सदाशुद्ध आफू- ब्रह्मरुपले अखण्ड सुख' को अनुभव गरिरहनु

"अद्वैत प्रदीप" बलराम जी.सी.सरस्वती (अध्यक्ष)

अखण्ड सुख केन्द्र, भैरहवा, नेपाल सम्पर्क :९८४७०२०७१८

## बिमालेख हराएको सूचना

मेरो निम्न व्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड द्धारा जारि गरिएको बिमालेख मिति २०७९/१/५ गते बुटवल देखि सन्धिखर्क जाने क्रममा हराएको हुदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध छ।

नाम : निम बहादुर राना मगर

ठेगाना : मालारानी, ६ अर्घाखार्चीं


विमालेख नं. ३०२००४६२१

सम्पर्क नं. ९८४७०१०९१४२

# पाल्पामा एमालेको एकल बहुमत

## नेकपा एस नील

**गौतमबुद्ध सन्देश**
रुपन्देही, ९ जेठ।




पाल्पामा नेकपा एमालेले एकल बहुमतको जिल्ला समन्वय समिति बनाउन पाउने भएको छ। १० पालिका रहेको पाल्पामा एमालेले ६ पालिकामा जित निकालेको हो। ६ पालिकाको प्रमुख उपप्रमुख गरी ११ जनाले जितेका छन्। एमालेविरुद्ध सत्तारुढ ५ दलको गठबन्धन वडा तहसम्मै भएको थियो। अघिल्लो स्थानीय तहको निर्वाचनमा एमालेले जितेका पालिकाको संख्या जोगाउँदै ६ वटाको नेतृत्व आफ्नो कब्जामा राखेर जिल्ला समन्वय पक्का गरेको हो।

सत्तासाझेदार दलहरुले गठबन्धन गरेर जिल्लाका १० मध्ये नेपाली कांग्रेसले ६, नेकपा (माओवादी केन्द्र) ले २ र नेकपा (एकीकृत समाजवादी) ले २ स्थानीय तहमा प्रमुख पदको भागवण्डा गरेका थिए।

रामपुर र तानसेन नगरपालिका, रैनादेवी छहरा, बगनासकाली, माथागढी र निस्दी गाउँपालिकाको प्रमुखमा कांग्रेस, तिनाउ र रिब्दीकोट गाउँपालिकामा माओवादी केन्द्र र पूर्वखोला र रम्भा गाउँपालिकामा नेकपा (एकीकृत समाजवादी) बाट प्रमुख पदको उम्मेदवार थिए। तर बगनासकाली, माथागढी, निस्दी, तिनाउ र रम्भामा एमालेले जितेको छ।

पूर्वखोला र निस्दी गाउँपालिकामा त एमालेले सत्ता गठबन्धनलाई क्लिन स्वीप नै गरेको छ। पाल्पामा एमालेका पुराना नेता एवं पूर्वमन्त्री सोमप्रसाद पाण्डे एकीकृत समाजवादीमा गएको र सत्ता गठबन्धनले साझा उम्मेदवार उठाएकाले गठबन्धनका उम्मेदारले एमाले हराउन सक्ने आंकलन गरिएको थियो। दलहरुले एमालेलाई रोक्न २०७४ को नतिजा र वर्तमान संगठनात्मक अवस्था हेरेरै भागबण्डा गरेको थिए। गठबन्धनबाट एकीकृत समाजवादीले मीनप्रसाद गिरीलाई अध्यक्ष उठाएको पूर्वखोला गाउँपालिकामा एमालेले क्लिन स्वीप गरेको छ।

गठबन्धनका गिरीले एक हजार २५७ मत पाउँदा झण्डै पाँच गुणा बढी मतसहित एमालेका नुनबहादुर थापाले जिते। अध्यक्ष दोहोरिएका थापाले गठबन्धनका उम्मेदवारविरुद्ध ६ हजार ३९ मत ल्याए। उपाध्यक्षमा पनि एमालेका भागिरथी शर्माले फराकिलो अन्तरले जितिन्।

शर्माले पाँच हजार ८९४ मत ल्याएर जित्दा कांग्रेसका विष्णुकुमारी आचार्यले दुई हजार २५० मत मात्रै ल्याइन्। थापा र शर्माले २०७४ मा जित्दा ल्याएको भन्दा धेरै मत ल्याए। मतान्तर बढ्दा पूर्वखोला गाउँपालिकाका ६ वटै वडामा एमालेका उम्मेदवार मात्रै विजयी भए।

पूर्वखोला पछि निस्दी गाउँपालिकामा पनि एमालेले गठबन्धनलाई क्लिन स्वीप गरेको छ। यो पालिकामा भने गठबन्धनबाट कांग्रेसका गोविन्दप्रसाद अर्याल उम्मेदवार थिए। तर अर्यालले तीन हजार ४६६ मत पाउँदा एमालेका मुक्तबहादुर सारुले ६ हजार ६५२ मत ल्याएर अध्यक्ष जिते।

२०७४ मा पनि एमालेबाट मुक्तबहादुर नै उम्मेदवार थिए। त्यसबेला कांग्रेसका शालिकराम पाण्डेले दुई हजार ९२३ मत पाउँदा उनले पाँच हजार ३२० मत ल्याएर जितेका थिए। यसपटक गठबन्धन हुँदा पनि कांग्रेसले एमालेलाई रोक्न सकेन।

उपाध्यक्षमा त माओवादी केन्द्रका रामप्रसाद खत्रीभन्दा एमालेकी तीरनकुमारी श्रेष्ठले झण्डै आठ गुणा बढी मत ल्याएर जितिन्। गठबन्धनका उम्मेदवार खत्रीले ८३० मत पाउँदा एमालेकी श्रेष्ठले ६ हजार ६३८ मत ल्याइन्। यो पालिकामा पनि गठबन्धनका कोही उम्मेदवारले जित्न सकेन।

त्यसैगरी अन्य पालिकामा पनि एमालेले यसपटक मत बढाएको छ। २०७४ मा कांग्रेसले जितेको माथागढी गाउँपालिकामा यसपटक एमालेका यमबहादुर चिदीले जितेका छन्। गठबन्धनले २०७४ मा अध्यक्ष जितेका सन्तोषकुमार थापालाई नै उम्मेदवार बनाएको थियो। तर कांग्रेसका थापाले पाँच हजार ५५४ मत ल्याउँदा एमालेका चिदीले ६ हजार १०९ मत ल्याएर नतिजा आफ्नो पक्षमा पारे।

२०७४ मा कांग्रेस एक्लै चुनावी प्रतिष्पर्धामा उत्रदा थापाले एमालेका विमलप्रसाद काफ्ले भन्दा दुई हजार बढी मत ल्याएर अध्यक्ष जितेका थिए। त्यसबेला थापाले ६,७९९ मतसहित अध्यक्ष जित्दा एमालेका काफ्लेले तीन हजार ८०६ मत ल्याएका थिए। यसपटक भने गठबन्धन हुँदा पनि एमालेले यो पालिका जित्यो। तिनाउ गाउँपालिकामा गठबन्धनबाट माओवादी केन्द्रका नेता राजेश श्रेष्ठलाई हराउँदै पनि एमालेले जितेको छ। माओवादी केन्द्रका राजेशले चार हजार ४६६ मत पाउँदा एमालेका प्रेम श्रेष्ठले पाँच हजार ९० मत ल्याएर जितेका हुन्।

यसअघि पनि यहाँ एमालेले जितेको थियो। २०७४ मा कांग्रेसले जितेको रामपुर नगरपालिकामा निवर्तमान मेयर रमणबहादुर थापा विजय भएका छन्। गठबन्धनको तर्फबाट नेपाली कांग्रेसबाट उनी उम्मेदार बनेका थिए।

२०७४ मा कांग्रेसले जितेको अर्को गाउँपालिका बगनासकालीमा पनि एमालेकै सरस्वती दर्लामीले जितेकी छन्। यसअघि एमालेले नै जितेको रम्भा गाउँपालिकामा पनि एमालेले जितेको छ। रम्भा गाउँपालिका प्रमुखमा एमालेका उम्मेदवार विष्णुप्रसाद भण्डारी ५,५८६ मत ल्याई विजयी भएका छन्। उनले निकटतम प्रतिद्वन्द्वी गठबन्धनबाट नेकपा एसका उम्मेदवार दुर्गाप्रसाद अधिकारीलाई १,०४४ मतान्तरले पराजित गरेका हुन्। पराजित दुर्गाप्रसाद अधिकारीले ४,५४२ मत ल्याएका छन्।

यस्तै उपाध्यक्षमा नेपाल कम्युनिष्ट पार्टी ९एमाले०की उम्मेदवार राधाकुमारी श्रेष्ठ ५,७१९ मत सहित विजयी भएकी छन्। उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका उम्मेदवार विष्णुकुमार थापाले ५,०५८ मत ल्याएका छन्। तर यसअघि एमालेले जितेको तानसेन नगरपालिका एमालेले गुमाएको छ। रैनादेवी छहरा गाउँपालिकामा कांग्रेससँग र रिब्दीकोट गाउँपालिका माओवादी केन्द्रसँग एमाले पराजित भएको छ। २०७४ मा रैनादेवीमा कांग्रेस र रिब्दीकोटमा एमालेले जितेको थियो। १० पालिकाका २० पदमा ११ र ८१ वडामध्ये ४१ वटामा एमालेले जितेको छ।


हार्दिक बधाई
तथा शुभकामना



छविलाल पौडेल

भौगोलिक हिसाबले नेपालको सबैभन्दा ठुलो नगरपालिका सितगङ्गा नगरपालिका को नगरप्रमुख मा भारिमतका साथ निर्वाचित हुनु भएकोमा नेपाली काङ्ग्रेस अर्घाखाँची का बरिस्ठ नेता जन्ताका प्रिय सालिन भद्र सामाजिक राजनीतिक शैक्षिक बिकास बादि नेता हाम्रो अभिभावक आदणिय अङकल छबिलाल पौडेल निर्वाचित हुनु भएकोमा सफल कार्यकालको हार्दिक शुभकामना व्यक्त गर्दछौ ।

नवाफ अलि
केन्द्रीय सदस्य
नेपाल मुस्लिम संघ
तथा युवा नेता नेपाली काङ्ग्रेस, दाङ



## शिक्षक आवश्यकता सम्बन्धी सुचना

यस शंकरज्योति आधारभुत विद्यालय शितगंगा नगरपालिका वडा नम्बर ९ लौरी सिद्वारा अर्घाखाँचीको लागि निम्न बमोजिमको शिक्षक आवश्यकता परेकाले योग्यता पुगेका नेपाली नागरिक बाट दरखास्त आह्वन गरिन्छ।

**तपसिल**

१. विज्ञापन नं.-०५/२०७८/०७९
२.पद संख्या र किसिम.-शिक्षक १ जना,खुला
३तह,क्षेणी र विषय.-नि.मा.वि. तृति,गणित/विज्ञापन
४.शैक्षिक योग्यता-सम्बन्धित विषयमा प्रविर्णता प्रमाणपत्र तह वा सो सरह उतिर्ण
५. उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
६.दरखास्त दिने मिति-यही जेठ १० गतेदेखि जेठ २४ गते सम्म
७.दरखास्त दिने स्थानः विद्यालयको कार्यालय समय भित्र
८.आवश्यक कागजातहरु
क) नेपाली नागरिकताको प्रतिलिपी १ प्रती
ख) शैक्षिक योग्यताका प्रमाण पत्रका प्रतिलिपीहरु १/१ प्रती
ग)स्थायी अध्यापन अनुमती पत्रको प्रतिलिपी १ प्रती
९दरखास्त दस्तुर रु २०००(दुई हजार मात्र)
१०सम्पर्क मिति यही जेठ २५ गते
११.परीक्षाको किसिमःलिखित तथा अन्तवार्ता
१३ .तलव स्केलःनेपाल सरकारको प्रचलीत नियमानुसार
१२.थप जानकारीको लागि वि.व्य.स. अध्यक्ष ओकित रानाः९८४१४०२३९३ प्रद्यानाध्यपक टंक बहादुर परियार :९८४८७३६३१२
पुनश्चः रित नपुगेको र म्याद नाघि आएको निवेदन माथी कुनै कारवाही गरिने छैन।



## Invitation for Bids

सन्धिखर्क नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सन्धिखर्क, अर्घाखाँची
**सिलवन्दी बोलपत्र आह्वान**

प्रथम पटक प्रकाशित मिति २०७९/२/१०

सन्धिखर्क नगरपालिका, नगर कार्यपालिका, अर्घाखाँची अन्तर्गत अलुवा खोला हटारी सन्धिखर्क बजार, चुत्रावेसी कुर वेहोरे पल्लावारी दुवार गच्छे फुदवाङ बजार ढोरपाटन सडकदेखि चुत्रावेसी जोडने ट्रस पुलको दाहिने साइड सडक मर्मत तथा स्तरोन्नती कार्यको लागि सिलवन्दी बोलपत्र द्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक निर्माण कर्ताहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको बोलपत्र E-Bidding मार्फत आह्वान गरिन्छ ।

१. बोलपत्र दस्ततुर (फिर्ता नहुने गरी) यस कार्यालयको **राष्ट्रिय बाणिज्य बैंक सन्धिखर्क शाखामा रहेको SANDHIKHARKA NP.PA.(GA-1-1)-AANTAR खाता हि.नं.३०५०१००३०१०१०००२** जम्मा गरेको भौचर सहित आ.व.२०७८/०७९ सम्म मान्य भएको फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाण पत्र, व्यावसाय दर्ताको इजाजत र मू.अ. करमा दर्ता भएको प्रमाणपत्र तथा आ.व.२०७८/०७९ सम्म मान्य भएको कर चुक्ता प्रमाणपत्र वा म्याद थप पत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी www.bolpatra.gov.np/egp बाट मिति २०७९।३।९ गते दिउँसो १२:०० बजेसम्म E-Bid मार्फत दर्ता गराउनु पर्ने छ ।
२. E-Bid मार्फत प्राप्त भएका बोलपत्रहरु मिति २०७९।३।९ गते दिनको १२:३० बजे कार्यालयका प्रतिनिधि एवं बोलपत्रदाता एवं प्रतिनिधिहरुको रोहवरमा यसै कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजका प्रतिनधिहरु उपस्थित नभएमापनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।
३. बोलपत्र फाराम साथ तपसिलमा उल्लेखित जमानत धरौटी वापतको रकम यस कार्यालयको सन्धिखर्क स्थित **राष्ट्रिय बाणिज्य बैंक ३०५०१००३०३००००२** खातामा नगद जम्मा गरेको भौचर वा यस कार्यालयको नाममा जारी भएको बैक जमानत (बोलपत्र दाखिला गर्ने अन्तिम मितिदेखि १२० दिनसम्मको म्याद भएको) संलग्न गर्नु पर्ने छ ।
४. बोलपत्र खरिद गर्ने/दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा विदापछि कार्यालय खुलेको दिन हुनेछ ।
५. यसमा उल्लेखित सर्तहरु यसै बमोजिम र उल्लेख नभएका शर्तहरु प्रचलित कानून बमोजिम हुनेछ । साथै बोलपत्र स्वीकृत/अस्वीकृत गर्ने अधिकार कार्यालयमा निहित रहेन छ । चालु आ.व.को लागि विनियोजित बजेटमा नपुग हुने रकम आगामी आ.व. मा भुक्तानी हुनेछ ।
६. बोलपत्र सम्बन्धी अन्य जानकारी लिनु परेमा कार्यालय समय भित्र **९८५७०७६१११/९८५७०८६७०१/९८५११२८५१०** मा सम्पर्क गर्न वा **sandhikharkamunicipality@gmail.com** मा पठाउन सकिनेछ ।
७. बोलपत्र खरिद दस्तुर, लागत रकम र विडवण्ड रकमको विवरण निम्न अनुसार छ ।

**तपसिल**

| ठेक्का नं. | योजनाको नाम | बोलपत्र दस्तुर रु. | ल.ई.रकम (मु.अ.कर बाहेक बाहेक) | विडबण्ड रकम रु. |
|---|---|---|---|---|
| NCB/SM/R/P/31/2078/079 | अलुवा खोला हटारी सन्धिखर्क बजार, चुत्रावेसी कुर वेहोरे पल्लावारी दुवार गच्छे फुदवाङ बजार ढोरपाटन सडकदेखि चुत्रावेसी जोडने ट्रस पुलको दाहिने साइड सडक मर्मत तथा स्तरोन्नती | ३०००।०० | ९४,८५,३००।१३ | ३,००,०००।०० |


**गौतमबुद्ध मिडिया प्रा.लि.** द्वारा प्रकाशित **गौतमबुद्ध सन्देश दैनि**कका लागि **अध्यक्ष** : खिम बहादुर खत्री, **कार्यालय प्रमुख/ प्रबन्ध सम्पादक** : बिष्णु प्रसाद भट्टराई, **सम्पादक** : कुलमणि ज्ञवाली, **सह–सम्पादक** : रबिन्द्र प्रताप गुप्ता
**प्रधान कार्यालय** : सि.न.पा.-७ भैरहवा, रूपन्देही, **फोन नं.**:०७१-५७४३३०, **Email: gbsnews7@gmailcom** (समाचार), **gbsadd2018@gmailcom**(विज्ञापन) मुद्रण : रुरु प्रिन्टिङ प्रेस, बुटवल